**अनुसूची- २**

(दफा ४तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

बोदेबरसाईन नगरपालिका सप्तरी

# स्थानीय राजपत्र

खण्ड: ५ संख्या: ७ मिति: २०७८/११/३०

**भाग-२**

बोदेबरसाईन नगरपालिका

नगर कार्य पालिकाबाट स्वीकृत मिति: २०७६/६/५

## बोदेबरसाईन नगर पालिकाको संघ/संस्था दर्ता कार्यविधी, २०७६

आज्ञाले,

नाम: घनश्याम यादव

प्रमुख प्रशासकीय अधिकृत

# बोदेबर्साइन नगरपालिकाको संघ/संस्था दर्ता कार्यविधी, २०७६

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७६/०६/०५**

**प्रस्तावनाः** यस नगर क्षेत्रभित्र सामाजिक, आर्थिक, धार्मिक, साहित्यिक, सास्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक तथा खेलकुद, पर्यटकीय, विकासात्मक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बोदेबर्साइन नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नामः-** (१) यस ऐनको नाम बोदेबर्साइन नगरपालिकाको संघ/संस्था दर्ता कार्यविधी, २०७६ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) “संस्था” भन्नाले सामाजिक, आर्थिक, धार्मिक, साहित्यिक, सांस्कृतिक,वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक तथा खेलकुद, पर्यटकीय, विकासात्मक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एंव विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद अध्ययनकेन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ ।

(ख) “नगरपालिका” भन्नाले बोदेबर्साइन नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) “नगर प्रमुख” भन्नाले बोदेबर्साइन नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) “प्रवन्ध समिति” भन्नाले संस्थाको विद्यान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनु पर्दछ ।

(ङ) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बोदेबर्साइन नगरपालिकाको प्रशासकीय प्रमुखलाई सम्झनुपर्छ ।

**३. दर्ता नगरी संस्था खोल्न नहुने :-** यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुदैन ।

**४. संस्थाको दर्ता :-** (१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको ३ प्रति र तोकिएको दस्तुर सहित नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(क) संस्थाको नाम :

(ख) उद्देश्यः

(ग) प्रवन्ध समिति (समावेशी प्रतिनिधित्व सुनिश्चित भएको) का सदस्यहरुको नाम, ठेगाना र पेशाः

(घ) आर्थिक श्रोतः

(ङ) कार्यालयको ठेगानाः

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा तोकिए बमोजिम दस्तुर लिई संस्था दर्ता गरी दर्ताको प्रमाण-पत्र दिनेछ ।

**तर,**

संस्था दर्ता नियमावली नबन्दा सम्म नगर सभाले निर्धारण गरे बमोजिम दर्ता तथा नवीकरण शुल्क लाग्ने छ ।

(३) नगर प्रमुखले कुनै संस्था दर्ता सम्बन्धमा कुनै उजुरी परेमा वा थप छानविन गर्न आवश्यक भएमा नगर प्रमुखबाट त्यसको अन्तिम निर्णय हुनेछ र त्यस्तो सूचना निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैतिस दिनभित्र त्यस्तो निर्णय उपर नेपाल सरकारले तोकेको अधिकारी समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजूर प्राप्त भएपछि नगरपालिकाले तोकेको अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्न नगर प्रमुखले दिन सक्नेछ र त्यस्तो आदेश अनुसार प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको ढाँचा, अवधि, नविकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

५. **संगठित संस्था मानिने :-** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित आफ्नो एउटा छुटै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

६. **संस्थाको सम्पत्तिः-** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विद्यान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा नगरकार्यपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राखनेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी नगरकार्यपालिकाले गरेको कारबाहिमा चित्त नबुझ्ने  व्यक्तिले प्रचलित कानूनले तोके अनुसार पूनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखित प्रतिष्ठा विरुद्ध कुनै अपराध  वा विराम गरेमा संस्था,

संस्थाको कुनै सदस्य वा प्रमुखलाई प्रचलित कानून बमोजिम मुद्दाको कारबाही चलाउन सक्नेछ ।

७. **अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्नेः** (१) यो ऐन प्रारम्भ हुन भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तिन महिना भित्र यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ ।

(२) यस ऐन प्रारम्भ हुनुभन्दा अघि दर्ता भई स्थापना भएका संस्थाहरुको हकमा ऐन प्रारम्भ भएको मितिले तिन महिना भित्र यो ऐन बमोजिम नगरपालिकामा प्रगति विवरण सहित तोकिएको शुल्क तिरी सूचिकृत गराउनु पर्नेछ । नगरपालिका भित्र आफ्ना गतिविधि र काम कारबाही गर्न अनिवार्य रुपमा नगरपालिकाको अनुमति/स्वीकृती लिनु पर्नेछ ।

८. **संस्थाको उद्देश्यहरुमा हेरफेर :** (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्था गाभ्न उचित देखेमा सो संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरि सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिने छ तर सो प्रस्ताव लागु गर्न नगरपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

**९. हिसाबको विवरण पठाउनु पर्ने :** प्रबन्ध समितिले सामाजिक परिक्षण गरि आफ्नो संस्थाको हिसाबको विवरण लेखा परिक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष नगरपालिकामा पठाउनु पर्नेछ ।

**१०. हिसाव जाँच गर्ने :-** (१) नगरपालिकाले आवश्यक देखेमा संस्थाको हिसाब आफुले नियुक्ति गरेको कुनै अधिकृत वा पदाधिकारीद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत नगरपालिकाले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा पाँच प्रतिशतमा नबढाई आफूले निर्धारित गरेको दस्तुर असुल गरि लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले नागरपालिकाले तोकेको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ  र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

**११. निर्देशन दिने :-** संघीय वा प्रादेशिक सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१२. दण्ड सजाय :-** (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाको प्रवन्ध समितिका सदस्यहरुलाई नगर प्रमुखले जनही दश हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यलाई नगर प्रमुखले जनहि तिन हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

**तर,**

कुनै सदस्यले दफा ९ उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृत वा पदाधिकारीलले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको उत्तर नदिने सम्बन्धित पदाधिकारी सदस्य वा कर्मचारीलाई नगर प्रमुखले एक हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम नगरपालिकाको स्वीकृती नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकुल हुनेगरि काम कारबाही गरेमा वा संघीय वा प्रादेशिक सरकारले दिएको निर्देशन पालना नगरेमा त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेज हुनेछ ।

**१३. पुनरावेदनः-** दफा १२ बमोजिम नगर प्रमुखले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ ।

**१४. संस्थाको विघटन र त्यस्को परिणाम :-** (१) संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको जायजेथा नगरकार्यपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथो थामेसम्म त्यस्तो दायित्व नगरकार्यपालिकाले व्यहोर्नेछ ।

**१५. नियम बनाउने अधिकार :-** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरकार्यपालिकाले नियम बनाउन सक्नेछ ।

**१६. अधिकार प्रत्यायोजन :-** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्राप्त अधिकारहरुमध्ये सबै वा कुनै अधिकार नगर प्रमुखले आफू मुनिका पदाधिकारी वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१७. संस्था वा प्रदेश ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने :-** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा संघ वा प्रदेश ऐन बमोजिम छुटै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेछ ।

**१८. खारेजी र बचाउ :-** (१) संघीय वा प्रदेशिक व्यवस्थापिकाले निर्माण गरेको कानून विपरित भएका दफा सोही अनुसार खारेज वा परिमार्जन हुने छन् ।

(२) यस कानूनलाई प्रतिस्थापन हुने गरि अर्को कानून बनेर लागु नभए सम्म यसै कानून अनुसार भए गरेको मानिनेछ ।

(३) संघ संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता भई बोदेबर्साइन नगरपालिकाको क्षेत्र भित्र कार्यक्षेत्र रहने गरि गठन, संचालन भै रहेका संघ संस्था यसै ऐन अनुसार दर्ता भएको मानिनेछ । तर त्यस्ता संस्थाले यो ऐन प्रारम्भ भएको ३ महिना भित्र नगरपालिकामा प्रगति विवरण सहित सूचिकरण गर्नु पर्नेछ साथै अनिवार्य रुपमा वार्षिक नवीकरण नगरपालिकामा गराउनु पर्नेछ ।